# खण्ड १०

# वातावरणीय कानून/नीति तथा अन्तर्राष्ट्रिय सन्धिहरू

यस खण्डमा नेपालको सन्दर्भमा निर्माण गरिएका वातावरणसम्बन्धी नीति, योजना तथा कानूनहरूको विवरण दिएको छ। मुख्यतः पहिलो लेखमा, ती नीति-नियमलाई वातावरणीय न्यायको पक्षबाट लेखाजोखा गरिएको छ । नेपालमा पनि सरकारी पक्षले वातावरणप्रति चासो राखेको त देखिन्छ तर सोअनुरूप कार्यान्वयनमा सक्रियता देखाएको छैन। यस खण्डको दोस्रो लेखमा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू सम्पन्न हुँदा देखिने धनी र गरिब राष्ट्रहरू बीचको राजनीति र नेपालले हस्ताक्षर गरेका वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको सङ्कलन दिइएको छ। यी सन्धिहरूमा हस्ताक्षरकर्ता भएकाले नेपालले यी सन्धिहरूलाई कानूनको रूपमा पालना गर्नुपर्दछ। हालसम्म नेपालले प्रतिबद्धता जनाएका सन्धिहरूको सङ्ख्या धेरै नभए पनि हस्ताक्षर गरिसकेका सन्धिहरूको प्रावधान प्रयोग गरेर वातावरणीय न्यायसम्बन्धी सकारात्मक काम गर्ने बाटो भने खुला रहेको छ। ♦